
# धनकौल गाउँपालिकाको स्थानिय रोजगार रणनीति

## आ.व.२०८०/०८१-२०८५/०८६ सम्म



धनकौल गाउँपालिका, सर्लाही

**धनकौल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धनकौल(प), सर्लाही**

# **<u>विषय सुची</u>**


कार्यकारी सारांश

खण्ड -१ रणनीतेक सन्दर्भ

१. पृष्ठभूमी
२. रोजगार रणनीतको आवश्यकता / औचित्य
३. अध्ययन पद्धति
४. क्षेत्र
५. सीमा

खण्ड-२ वर्तमान अवस्थाको विल्लेषण

खण्ड-३ रणनैतिक विश्लेषण

खण्ड-४ रणनैतिक सवालहरू

खण्ड-५ दुरदृष्टि, ध्येय र उदेश्य

खण्ड-६ रणनैतिक लक्ष्यहरू

खण्ड-७ रणनैतिक स्तम्भ/ प्रमुख रणनितिहरु

खण्ड-८ पाँच वर्षकों रणनैतिक कार्ययोजनाहरु

खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन

खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति,अनुगमन,र मुल्यांकन सम्बन्धी व्यवस्था

खण्ड-१९ जोखिम व्यवस्थापन

अनुसुचीहरु


धनकौल गाउँपालिका, सर्लाही

# कार्यकारी शारांश

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको अवधारण अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था बमोजिम स्थापित ७५३ वटै स्थानीय तहहरुको आर्थिक तथा संस्थागत शसक्तिकरणको लागि आ-आफनै आवश्यकता र मागको परिपूर्तिका आधारमा विभिन्न ऐन ,नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा योजनाहरु निर्माण गरी अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रुपमा सञ्चालन गरिने विभिन्न विकास सम्बद्ध नीति, योजना बजेट तथा कार्यक्रमहरु लागु गरिरहेको वर्तमान परिपेक्ष्मा यस गाउँपालिकाले गाउँभित्र आर्थिक रुपले पछाडि परेका विपन्न, दिर्घरोगी, हिंसा पिडित, तथा बेच विखनमा परेका महिला ,विपन्न तथा असहाय बालबालिका र न्यून आय भएका नागरिकहरुको लागि आर्थिक शसक्तिकरणका माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना गरी ऊनीहरुको गरिविपनलाई न्यूनिकरण गर्दे गुणस्तरिय जीवनयापनमा गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरेका प्रावधानहरुलाई आधार मानि यो धनकौल गाउँपालिका स्तरिय रोजगार रणनीती योजना २०८०/०८१ निर्माण गर्न लागिएको हो ।

यसे सन्र्दभमा नगरभित्र रहेका सरकारी, निजि , सहकारी तथा गैरसरकारी संघ संस्थाहरुको संयुक्त लगानीबाट गाउँपालिकाको आन्तरिक अर्थतन्त्र मजबुत तथा रोजगारमूलक कार्यशैलीबाट निर्माण गरी आयआर्जन, रोजगारी र आन्तरिक उत्पादनमा अभिवृद्धि गर्नेगरी पालिकाको अर्थतन्त्रमा स्थायीत्व कायम गर्ने उद्देश्यले यो रणनीति योजना तर्जुमा गरी लागु गर्न गई रहेको सन्र्दभमा म अत्यन्त खुसि छु। यो पञ्चवर्षिय रोजगार रणनीती योजना आ.व. २०८०/०८१ देखी आ.व. २०८५/०८६ तर्जुमा कार्यमा सहभागी भई योजना निर्माण कार्यमा सहयोग गर्नुहुने यस गउँपालिकाका उप प्रमुख श्रीमती अकली सहनी ज्यू, वडा अध्यक्षहरु ज्यु, कार्यपालिकाका सदस्यज्यूहरु प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण मोहन प्रसाद साह ज्यू , रोजगार सेवा केन्द्रका रोजगार संयोजक श्री कृष्णनन्दन प्रसाद साह ज्यू, प्राविधिक साहयक श्री सुर्य कुमार यादव ज्यु, सुचना प्रविधि अधिकृत श्री शिवजी दास ज्यु र आ.ले.प. प्रमुख श्री मोहम्मद रफिक ज्युको कार्यदलले बढो महेनतका साथ यो योजना तर्जुमा गरी लागु गर्ने कार्यमा सहज बनाई दिनु भएकोमा उहाँहरु प्रति हार्दिक कृतज्ञाता सहित धन्यवाद दिन चाहान्छु ।

राम आश्रय साह<br>
गाउँपालिका प्रमुख

## खण्ड-१ रणनैतिक सन्दर्भ

### १.१. पृष्ठभूमिः-

नेपालको संघीय संरचना तीन तहको रहेको छ । तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ | सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सकने व्यवस्था रहेको छ । स्थानीय तहले आपनो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ । श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ | नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ । श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ | परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ । देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० ब्यक्ति बैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ | औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ | नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्न श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

मधेश प्रदेशको आठ जिल्ला मध्येको सर्लाही जिल्ला अन्तर्गत जिल्ला सदरमुकाम मलंगवा देखि २४ कि.मि. पश्चिम तथा पुर्व पश्चिम राजमर्ग भन्दा २५ कि.मि. दक्षिणमा अक्षांश २६.९०३९२३ र देशान्तर ८५.४२०८१९ मा अवस्थित रहेको यस गाउँपालिकाको उत्तर बसबरिया गाउँपालिका, दक्षिण रामनगर गाउँपालिका, पुर्व गोडैता नगरपालिका र पश्चिम बागमति नदिले रौतहट जिल्लाको सिमाना संग छुट्याएको देखिन्छ भने २०७३ सालमा स्थापना भएको यस गाउँपालिकाको कुल क्षेत्रफल ४५.९४ वर्ग.कि.मि. रहेको छ भन्ने साविकको सेखौना, धनकौल पश्चिम, हरकठवा, महिनाथपुर र छोटौल गा.वि.स. गरि जम्मा ५ वटा गा.वि.स. मिलेर बनेको यस धनकौल गाउँपालिकामा हाल ७ वटा वडा कायम गरिएको छ र यस गाउँपालिकामा विभिन्न जातजाती तथा साँस्कृतिक समुदायको बसोबास रहेको छ । यस गाउँपालिकाको कुल जनसंख्या

२७९७४ मध्ये पुरुष १४४१० (५१.५%) र महिला १३५६४(४८.५%), कुल परिवार संख्या ५११२ र ३५ जातजाती (राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार) रहेको छ ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सकने रोजगारीका अवसरहरुको पहिचान गरि नाक्सांकन गर्न जरुरी छ | पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ। श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्न सीप वा दक्षताको अनुमान गरि माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु पर्दछ | स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सकते क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगार्मूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जूमा गर्नु अपरिहार्य रहेको देखिन्छ । रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्नेछ ।

## **१.२. रोजगार रणनितिको आवश्यक्ताः-**

यस रोजगार रणनीतिक योजनाको आवश्यकता निम्न अनुसार रहेको छ ।

१. आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न,
२. रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं विधिहरुको विकास गर्न,
३. श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्न,
४. रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई नयूनतम् रोजगारीको प्रत्याभूति गर्न,
५. श्रम तथा रोजगारीको हकलाई कार्यान्वियन गर्न,
६. वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्न,
७. सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरणमा सहयोग र सहकार्य गर्न,
८. श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न,
९. श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न,
१०. श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न।

## **१.३. अध्ययन पद्धितिः-**

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन २०८० ले निधारण गरेका अनुसूची २ र ३ मा प्रश्नावलीहरुलाई प्रयोग गरीएको छ साथे सरोकारवालासँगको अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन गरिएकोछ। त्यसे गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी

तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बेदेशिक रोजगार विभाग, बेदेशिक रोजगार सचिवालय लगाएका निकायबाट प्राप्त जानकारीलाई सेकेन्डरी सूचनालाई गुणात्मक विधिमा आधारीत भएर रणनीति योजना तयार गरीएको छ ।

**१.४. क्षेत्र :-**

धनकौल गाउँपालिका रोजगार रणनितिले आन्तरीक रोजगारीको अवस्था सीप विकास भौतक रुपमा मठ ,मन्दिर, पाटि, पवा, बाटो, सडकमा नाला अथवा सडक मा ग्राभिलिङ र तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ । यस रोजगार रणनितिलका क्षेत्रहरू देहाय बमोजिम रहेका छन् ।

१. आन्तरीक रोजगारीमा सूजना हुने क्षेत्रकां समस्या चुनौति तथा समाधानका उपाय
२. प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापेरेका समस्या चूनौती तथा समाधानका उपाय
३. स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्याताकों खोजि तथा प्रवर्द्धन
४. बेदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजीकरण
५. सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम

**१.५. सिमाः-**

यो रणनीति योजनामा उल्लेखित मार्गदर्शन तथा सैदान्तिक अवधारणा बमोजिम तर्जुमा गरिएका पञ्चवर्षिय श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धीका नीति, योजना तथा कार्यक्रमहरु मार्फत सिर्जना हुने रोजगारीका संम्भावित अवसरहरुको लागि छनौट भएका कामदार तथा जनशक्तिहरुलाई प्रचलित मापदण्ड बमोजिमको सेवा सुविधा बाहेक अन्य सेवा सुविधाहरु दावी गर्न मनासिव देखिने छैन।

**खण्ड-२ वर्तमान अवस्थाको विश्लेषणः-**

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ । नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ । बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बागम्मती प्रदेशमा ७ प्रतिशत रहेको छ ।

नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ | यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन | जसको परिणाम स्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नभएको देखाउँछ । प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाम्मती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने

सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ। प्रतिशत) र महिला जनसंख्या १७७८७ (४९.९ प्रतिशत) रहेको छ । जसमध्ये १४ वर्ष वा सो भन्दा कम उमेर समूहका जनसंख्या १३३१० (३७.३२ प्रतिशत), १५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या १९१२२ (५३.६३ प्रतिशत) र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्या ३२२६ (९.०४ प्रतिशत) रहेका छन् |

**<u>खण्ड-३ रणनैतिक विश्लेषणः-</u>**

गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरी बढ़दो बेरोजगारी र गरीवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न पुर्वाधार मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरीक बौदेशिक रोजगारोमा गई रहेका बर्तमान चूनौतीलाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नयाँ क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई गाउँमै बस्ने बरातावरण तय गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा छ ।

१. बेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
२. सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
३. श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
४. संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
५. बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
६. रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
७. बेदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्नु ।

**<u>खण्ड-४ रणनैतिक सवालहरूः--</u>**

रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसकनु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नस्कनु, घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसकनु, काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसकनु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सृजना हुन नसकनु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचीकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेको छ।

रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु, गाउँपालिकामा रहेका रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु, रोजगार सम्बद्ध

सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसकनु, स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमलूक बनाई उद्यमशीलिता विकास गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरुको रहेको छ।

**खण्ड-५ दुरदृष्टि, ध्येय र उदेश्यः-**

स्थानीय तहको रोजगार रणनितिक योजना तर्जूमा भई कार्यान्वयनमा आएको स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै स्थानीय तहले देहायका नतिजाहरु प्राप्त गर्न सक्षम हुनेछ ।

क. स्थानीय तहमा रहेका सिप विकास उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरहरुको पहिचान गर्ने ।
ख. स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने ।
ग. श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन, उत्पादनकत्व र उद्यमशिलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।
घ. स्थानीय तहमा दक्ष प्रतिस्पर्धी र उद्यमशिल मानविय स्रोतको विकास गर्ने ।
ङ. स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सिप विकास ,रोजगारी प्रर्वर्धन, उद्यमशिल रोजगारी सृजना उद्यमशिल प्रवर्द्धन तथा व्यवस्थापन स्वराजगारी, बैदेशिक रोजगारीमा जानेलाई दिईने सेवा बैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रुपमा पुनः स्थापना तथा पुनःएकिकरण लगायतका सेवा वा लगायताका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।

**खण्ड -६ रणनैनिक लक्ष्यहरुः-**

उत्पादनशिल रोजगारीका अवसरहरुको अभिवृद्धि, मर्यादित श्रमको सुनिश्चितता गरी श्रमको अधिकतम उपयोग र योगदानामा आधारित सामाजिक सुरक्षा तर्फ सामाजिक संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिकहरुको पहँच सुश्चित गर्ने र रोजगारीका अवसरहरुको पहिचान गरि सोही अनुरुपको प्रतिस्पर्धात्मक, दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरी श्रम बजारको मागलाई आपूर्ति गर्ने।

**खण्ड -७ रणनैतिक स्तम्भ /प्रमुख रणनैतिकहरु**:-

रणनीतिक योजनाको सोच, लक्ष्य र उद्देश्य प्राप्तका लागि निम्नानुसारका रणनैतिक स्तम्भ पहिचान गरिएको छ |

क. न्यूनतम रोजगारीको प्रत्याभूति
ख. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने ।

ग. अन्तराष्ट्रिय श्रम बजरामा रहेका दक्षता आवश्यक पर्ने रोजगारीका अवसरहरुकों पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम प्रतिफल युक्त बनाउने।

घ. वेदेशिक रोजगारीबाट प्राप्त पुजि,ज्ञान, सि प्रविधि र अनुभवको सदुपयोग गर्ने ।

ङ. श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने

च. रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदे बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने।

छ. स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ़ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दे स्वरोजगार बनाउने

ज. श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने।

## खण्ड-८ पाँच वर्षकों रणनेतिक कार्ययोजनाहरुः-

| रणनिति | कार्यनिती |
|---|---|
| ८.१. न्यूनतम रोजगारीको प्रत्याभूति | १. न्यूनतम रोजगारीको प्रत्याभूति सहित श्रम बजार बमोजिम हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>२. श्रम तथा श्रमिक प्रतिको धारणामा व्ययहारिक परिवर्तन गरिनेछ ।<br>३. सरकारी निकायहरुकाट हुने खर्चलाई रोजगारी सिर्जना सँग आबबद्ध गरिनेछ ।<br>४. सार्वजनिक निर्माणका कार्यहरुमा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>५. आन्तरिक प्रवर्द्धनको अन्तरतह तथा अन्तर निकाय समन्वय र सहकार्य गरिनेछ ।<br>६. रोजगारी सिर्जनाका नविनतम् अवधारणालाई प्रोत्साहन गरिनेछ ।<br>७. श्रम बजारकों माग र आपूर्ति तथा सिप र क्षमताकों आवधिकरुपमा अन्तर विश्लेषण गरिने छ ।<br>८. सरकारी ,निजि, सहकारी, तथा गैरसरकरी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारीमा रोजगारीको थप अवसर सृजना गरिने छ ।<br>९. रोजगारीका अवसरहरु एवं सम्भावनाको पहिचान गर्न सरोकारवालाहरु सँग सम्बाद र समन्वय गरिने छ ।<br>१०. श्रम तथा रोजगार सम्बद्ध सूचना तथा तथ्यांकलाई एकिकरण तथा व्यवस्थापन गरिनेछ ।<br>११. श्रम बजारकों माग बमोजिम रोजगार उन्मूख व्यवसायीक सिप प्रदान गरी रोजगारीमा आबद्ध गरिनेछ \|<br>१२. वित्तिय साक्षरता र वित्तिय पहुँच मार्फत उद्यमशिलता प्रवर्द्धन गरिनेछ । अनौपचारिक रोजगारीलाई क्रमश औपचारिकमा रुपान्तरण गरिनेछ ।<br>१३. धनकौल गाउँपालिका बाट रोजगार विनियम सेवा सहितको एकिकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ ।<br>१४. रोजगारी र श्रम बजारको प्रवर्द्धन र विस्तार सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ । |
| ८.२. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित | १. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चलन गरि सचेतना अभिवृद्धि गरिनेछ । |

धनकौल गाउँपालिका

| | |
|---|---|
| बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने । | २. वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखकरण तालिम सञ्चालन गर्ने व्यवस्था गरिनेछ \|<br>३. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण एवं परामर्श सेवा प्रदान गरिनेछ।<br>४. वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सज्चलान गरि पुनः एकीकरण गरिनेछ ।<br>५. बैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र गैर सरकारी संघसंस्थाहरु संग समन्वय र सहकार्य गरिनेछ ।<br>६. वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ ।<br>७. वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ ।<br>८. वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पनुः श्रम स्वीकृतिमा सहिजीकरण गरिनेछ ।<br>९. सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत उपकेन्द्र स्थापना गरिनेछ । |
| ८.३. अन्तराष्ट्रिय श्रम बजरामा रहेका दक्षता आवश्यक पर्ने रोजगारीका अवसरहरुकों पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम प्रतिफल युक्त बनाउने | १. वैदेशिक रोजगारीका लागि नयाँ श्रम गन्तव्य मुलुक तथा पेशाहरुको खोजि गर्दै सो अनुरुपको जनशक्ति तयार गरिने छ ।<br>२. वैदेशिक रोजगारमा जान चाहने नेपाली नागरिकलाई श्रम गन्तव्य मुलुकको माग अनुसारको सिप र क्षमता अविद्धि गरिने छ।<br>३. सिप आवश्यक पर्ने रोजगारीको क्षेत्रमा तालिमको अनिवार्य व्यवस्था गरिने छ। |
| ८.४. वेदेशिक रोजगारीबाट प्राप्त पुंजि ,ज्ञान, सिप प्रविधि र अनुभवको सदुपयोग गर्ने । | १. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको प्राप्त गरेको ज्ञान र सिप समेटिएको नगरपालिकाको तथ्यांक प्रणाली स्थापना गरिने छ ।<br>२. संघ, प्रदेश र स्थानीय तहसँग समनन्वयमा वैदेशिकको रोजगारीबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| ८.५. श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने | १. विश्व श्रम बजारमा स्वचालन र कृत्रिम बौद्धिकताको प्रयोग बढदै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सृजना हुने भएकोले विद्यालय तहदेखि नै प्राविधिक शिक्षा सञ्चालन गरिनेछ ।<br>२. गन्तव्य मुलुकको श्रम बजारको मागका आधारमा सीपमूलक तालिम सञ्चालन गरि दक्ष जनशक्ति तयार गरि वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ ।<br>३. स्थानीय आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र श्रमशक्तिको भरपुर उपयोग गर्न सिंचाई सुविधा, कृषि विद्युतीकरण, कृषि सडक तथा उपयुक्त कृषि प्रविधिहरुमा पहुँच विस्तार गरी कृषिको व्यवसायीकरण र विविधिकरणमा जोड दिई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै उपलब्ध युवा श्रमशक्तिहरुलाई कृषिमा आधारित पेशा व्यवसायमा आकर्षित गरि कृषि उत्पादन, संकलन, ग्रडिङ्ग, भण्डारण, प्रशोधन र प्याकिङ्ग सम्बन्धी दक्ष जनशक्ति तयार गरिनेछ । |

| | |
|---|---|
| | ४. निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैःब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङग, स्काफोल्डर लगायत अन्य तालिमहरु सञ्चालन गरि निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आपुर्ति गरिनेछ \|<br>५. स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होम स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारी सृजनामा गरिनेछ \|<br>६. गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ \|<br>७. रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम् सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>८. रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।<br>९. स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पुँजी र प्रविधिको उपलब्धताको आधारमा विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरू सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्न स्थानीय स्वरोजगार कोषको स्थापना गरिनेछ।<br>१०. रोजगारमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरि दक्ष जनशक्ति निर्माण गर्न बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ । |
| ८.६. रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदे बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने | १. रोजगार सम्वाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंग छलफल र सहभागितामा आवश्यक रोजगारयोग्य कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>२. स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ।<br>३. गाउँपालिकाको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ ।<br>४. रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ।<br>५. रोजगार सम्बद्ध विभिन्न योजना, कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिनेछ ।<br>६. रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगासमूलक सेवा उपलब्ध गराईनेछ ।<br>७. स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाउँपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ । |

| | |
|---|---|
| | ८. स्थानीय तहमा उपलब्ध सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसंग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरि पदस्थापन गरिनेछ ।<br>९. रोजगारी सिर्जनाका लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ ।<br>१०. न्यूनतम रोजगार प्रत्याभूत योजना तर्जुमा गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराईनेछ ।<br>११. तिनै तहको सरकारको सक्रिय सहभागिता र साझेदारीमा रोजगार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>१२. रोजगारी सिर्जनाका लागि रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही रुपमा संस्थागत क्षमता विकासगरिनेछ \|<br>१३. गाउँपालिका भित्र संचालन गरिने विभिन्न विषयको छोटो वा लामो अवधिको सीपमूलक तथा रोजगारमूलक तालिमहरुलाई एकद्वार प्रणालीबाट रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गरिनेछ । |
| ८.७. स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ़ बनाउन नविन सोंच, सीप र प्रविधिको<br>उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने | १. श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्द युवा श्रमशक्तिहरुलाई सिर्जनशील, व्यवसायिक र उद्यमशील क्षमताको विकास गरी दक्ष जनशक्ति तयार गरिनेछ ।<br>२. उद्यमशिलता विकास तालिम सञ्चालन गरि स्वरोजगारी अभिवृद्धिमा जोड दिईनेछ ।<br>३. लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा सहयोग पुग्ने गरी युवाहरुमा नवप्रवर्तनशील एवं प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न विभिन्न किसिमको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>४. वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।<br>५. वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई गाउँपालिका भित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सृजना गरि स्वरोजगारमा वृद्धि गरिनेछ।<br>७. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक एवं आर्थिक विप्रेषणलाई उद्यमशिलता प्रवर्द्धनमा परिचालन गरि सम्मुनत नगर निर्माणमा उपयोग गरिने व्यवस्था गरिनेछ ।<br>८. स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार लगायत वित्तीय क्षेत्र, गैरसरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता मार्फत स्थानीय तहमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ ।<br>९. आन्तरिक रोजगारी सृजनाका लागि स्थानीय प्रविधिको उपयोग गरि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ \|<br>१०. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गरिनेछ । |

धनकौल गाउँपालिका, सर्लाही

| | |
|---|---|
| ८.८. श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने | १. स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ ।<br>२. बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्यांक संकलन गरिनेछ ।<br>३. स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ ।<br>४. रोजगारीका लागि छिमेकी मुलुक भारत जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ ।<br>५. आप्रवासन प्रोफाईल र श्रम तथा रोजगार प्रोफाईल तयार गरिनेछ ।<br>६. स्थानीय तहभित्रका रोजगारदाताहरुको अभिलेखीकरण गरि उपलब्ध हुने रोजगारीको संख्याको आधारमा रोजगारीमा प्रतिस्थापन गरिनेछ ।<br>७. स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिदै लगिनेछ \|<br>८. सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण गरि गरिब घरपरिवारको पहिचान गर्दै परिचय पत्र वितरण गरिनेछ ।<br>९. गाउँपालिकाभित्रका विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिहरुको तथ्यांक संकलन एवं व्यवस्थापन गरिनेछ। |

**खण्ड-९ श्रोत परिचालन र वजेत व्यवस्थापनः-**

वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा मार्गदर्शन रणनितिक योजनाहरुमा आधारित भई तर्जुमा गरिनेछ | रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरिनेछ । आवश्यकता अनुसार विकास साभेदारीसंग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनितिक योजनाको स्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ।

धनकौल गाउँपालिकाको रोजगार रणनीति नतिजा तर्जुमाः-

| क्र.सं. | नतिजा सुचक | एकाइ | आधार तथ्यांक | लक्षय (आ.व. अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | ०८१/०८२ | २०८२/०८३ | ०८३/०८४ | ०८५/०८६ |
| १ | न्यूनतम रोजगारीको प्रत्याभूति | प्रतिशत | बेरोजगार सुची | १५ | २० | २५ | ३० | ४० |
| २ | वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने । | प्रतिशत | १०० | ३० | ४० | ५० | ८० | १०० |
| ३ | अन्तराष्ट्रिय श्रम बजरामा रहेका दक्षता आवश्यक पर्ने रोजगारीका अवसरहरुकों पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम प्रतिफल युक्त बनाउने। | प्रतिशत | १०० | ३० | ४० | ५० | ६० | ७० |
| ४ | वेदेशिक रोजगारीबाट प्राप्त पुजि,ज्ञान, सि प्रविधि र अनुभवको सदुपयोग गर्ने । | प्रतिशत | १०० | ३० | ४० | ५० | ६० | ७० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने | प्रतिशत | १०० | ३० | ४० | ५० | ६० | ७० |
| ६ | रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदे बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने। | प्रतिशत | १०० | १५ | २० | २५ | ३० | ४० |
| ७ | स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दे स्वरोजगार बनाउने | प्रतिशत | १०० | १० | २० | २५ | ३० | ४० |
| ८ | श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने। | प्रतिशत | १०० | ३० | ४० | ५० | ८० | १०० |

## खण्ड -१० रणनितिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्थाः-

यो रणनिति योजनाको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित उद्देश्य हांसिल गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्यांकन विधि अबलम्बन गरिनेछ ।

क. अनुगमन तथा मूल्यांकन संयन्त्रको स्थापना

१. रणनीति योजना कार्यान्वयनको निरन्तर अनुगमनका लागि स्थानीय तहको एक अनुगमन समितिकों गठन गरिने छ ।

२. अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन प्रगति, विधि देखिएका समस्या तथा समाधानका उपाग सम्बन्धमा स्थानीय तहलाई समसामयिक रुपमा पृष्ठपोषण दिहनेछ ।

३. अनुगमन समितिको सचिवालयको रुपमा स्थानीय तहको नीति, योजना, अनुगमन तथा मुल्यांकन शाखाले काम गर्नेछ।

ख. आवधिक योजना :

१. रणनितिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समिक्षा गरिनेछ ।

२. अनुगमन समितिले दिईएको प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समिक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अबलम्बन गरिनेछ ।

ग. अन्तिम मूल्यांकनः-

१. रणनिति योजना कार्यान्वयनको अन्तिम वर्ष अर्थात पाँचौ वर्षमा रणनितिक योजनाको अन्तिम मूल्यांकन र आगामी रणनितिक योजनाको पूर्व तयारी गरिनेछ ।

२. पाँचौ वर्षको पहिलो छ महिना व्यतित भएपछि योजनाको अन्तिम मूल्यांकन प्रारम्भ गरिनेछ ।

३. रणनितिक योजनाको अन्तिम मुल्यांकन प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ ।

४. मुल्यांकनवाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हने रणनितिक योजना निर्माणमा उपयोग गरिनेछ ।

**खण्ड -११ जोखिम व्यवस्थापनः-**

रणनितिक योजना कार्यान्वयनको क्रममा आउन सकने जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ। योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरका संकेत मात्र उल्लेख गरिएको छ।

१. स्रोत व्यवस्थापन (क)
२. सरकारी, गैरसरकारी र निजिक्षेत्रविच प्रभावकारी समन्वय (ख)
३. स्थानीय तहको प्राथमिकता संगको सामञ्जस्यता (ग)
४. विकास साझेदारीबाट हुने सहयोग र समन्वय (घ)

धनकौल गाउँपालिका, सर्लाही